# जलजला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ लामाखेत पर्वत, संख्याः ३ मितिः २०८१ साउन १

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम जलजला गाउँपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## कृत्रिम गर्भाधान अनुदान सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

# कृत्रिम गर्भाधान अनुदान सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना :**

जलजला गाउँपालिका क्षेत्रभित्र बसोवास गरी पशु पालनमा संलग्न रहेका कृषकहरूको पशु पालनको माध्यमबाट आर्थिक स्तरमा वृद्धि गर्ने उद्देश्यका साथ आधुनिक एवम् वैज्ञानिक विधिवाट गाई, भैंसी तथा बाख्राहरूलाई कृत्रिम गर्भाधान गराई उनीहरूको आर्थिक तथा सामाजिक हैसियत सवल तथा सक्षम बनाउन गाउँपालिका तर्फवाट कृत्रिम गर्भाधान अनुदान सेवा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले "स्थानीय सरकार संचालन ऐन,२०७४" ले दिएको अधिकार प्रयोग गरि जलजला गाउँपालिका, गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद – १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम ":कृत्रिम गर्भाधान अनुदान सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ l

**२. परिभाषा :**

क) "कृत्रिम गर्भाधानकर्ता" भन्नाले जलजला गाउँपालिकाबाट सूचना प्रकाशन गरी प्रस्ताव आह्वान पश्चात सुचिकृत गरिएका प्राविधिक वा पशु सेवा शाखामा कार्यरत प्राविधिक कर्मचारीहरूलाई जनाउने छ।

ख) "कार्यपालिका" भन्नाले जलजला गाउँपालिका गाउँकार्यपालिकालाई जनाउनेछ।

ग) "सिमेन" भन्नाले कृत्रिम गर्भाधान प्रयोजनको लागि आधिकारिक स्थानमा भाले पशुबाट सुरक्षित तरिकाले निकालेर संरक्षण गरी राखेको विर्य बिज भन्ने बुझ्नुपर्छ।

## परिच्छेद – २

**३. शर्त तथा भुक्तानी विधि :**

१. कृत्रिम गर्भाधान अनुदान कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन तथा भुक्तानी विधि :

क) कुनै पनि कृषकको पशु (गाई, भैंसी, बाख्रा) मा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराएको कार्डमा पशुको पहिचान खुल्ने गरी विवरण भर्ने, कृषकको सम्पर्क नं. सेवा उपलब्ध गराएको मिति तथा समय लगायत आवश्यक विवरणहरू पूर्ण रुपमा भरेको हुनु पर्नेछ ,

ख) पशुपालक कृषक जलजला गाउँपालिका क्षेत्रभित्रको हुनुपर्नेछ ,

ग) कृत्रिम गर्भाधान अनुदान सेवा एउटा पशुका लागि एक आर्थिक वर्षमा एक ऋतुकालमा मात्र उपलब्ध गराईनेछ,

घ) कृत्रिम गर्भाधान अनुदान सेवा प्राप्त गर्नको लागि पशुको अनिवार्य बिमा गरिएको र पशुको पहिचान खुल्ने गरि ट्याग नम्बर लगाएको हुनुपर्नेछ l

ङ्) कृत्रिम गर्भाधान सेवा उपलब्ध गराए बापत यस कार्यालयमा कार्यरत पशु प्राविधिकहरूका लागि कार्यालय समय बाहेकको अतिरिक्त समयमा सेवा उपलब्ध गराएमा मात्र उक्त सेवा बापतको रकम उपलब्ध हुनेछ साथै अन्य निजी सेवा प्रदायक पशु प्राविधिकहरूका लागि समेत प्रति पशु कृत्रिम गर्भाधान सेवा दिए बापत अनुसूची ५ अनुसार पारिश्रमिक उपलब्ध गराइने छ।

यसरी पारिश्रमिक रकम प्राप्त गर्नको लागि कृत्रिम गर्भाधानकर्ताले अनुसूची २ अनुसारको फर्म भरी सक्कलै विवरण र निवेदन पेश गर्नुपर्नेछ। पशु सेवा शाखा अथवा वार्ड सम्पर्क कार्यालयमा पशु ल्याई कृत्रिम गर्भाधान सेवा लिएमा कार्यालयमा कार्यरत पशु सेवा प्राविधिकहरूलाई उक्त रकम सुविधा दिइने छैन तर सिमेन शाखाबाटै उपलब्ध गराइनेछ ,

ङ) कृत्रिम गर्भाधान अनुदान सेवा उपलब्ध गराएको प्रगति प्रतिवेदन प्रत्येक महिनाको चौथो हप्ता भित्र यस गाउँपालिकाको पशु सेवा शाखामा पेश गर्नुपर्नेछ।

च) कृत्रिम गर्भाधान अनुदान सेवा उपलब्ध गराए बापतको रकम यस गाउँपालिकाबाट भुक्तानी गरिनेछ।

छ) कृत्रिम गर्भाधान अनुदान सेवा उपलब्ध गराए बापतको रकम भुक्तानी लिंदा एउटै पशुलाई बढीमा दुइ पटक सम्म सो अनुसारको रकम भुक्तानी गरिनेछ तर झुक्याई भुक्तानी लिएमा, नक्कली कागजात बनाई भुक्तानीका लागि पेश गरेमा सम्बन्धित पशु प्राविधिक जवाफदेही

हुनेछ र निज प्राविधिकको सूचीकृत रद्ध गरी निजले पाउने भुक्तानी रोक्का राखी गाउँपालिकाको निर्णयानुसार आवश्यक कारबाही गर्न सकिनेछ ।

ज) कृत्रिम गर्भाधानकर्ताले अनिवार्य रुपमा जलजला गाउँपालिका, पशु सेवा शाखामा सुचिकृत हुनुपर्ने छ,

झ) कृत्रिम गर्भाधानको लागि आवश्यक सामाग्री र लजिस्टिक सामाग्रीको व्यवस्थापन गाउँपालिकाले गर्नेछ,

ञ) गाउँपालिकाबाट तोकिएको कृत्रिम गर्भाधानकर्ताबाट मात्रै यो सेवा उपलब्ध गराईनेछ,

ट) एक कृषकको एक (१) भन्दा बढि गाई/भैंसी/बाख्रामा कृत्रिम गर्भाधान गर्नु परेमा विवरण नदोहोरिने गरी पशुको पहिचान खुल्ने गरी कार्ड र लगत फारम पेश गर्ने दायित्व सम्बन्धित कृत्रिम गर्भाधानकर्ताको हुनेछ,

ठ) प्रत्येक कृत्रिम गर्भाधानकर्ताले हरेक महिनाको २५ गते सम्म अनुसुची–२ बमोजिमको लगत तयारी गरी पेश गर्नुपर्नेछ । शाखाले वडा अनुसारको विवरण सम्बन्धित वडामा पठाउनेछ र प्रमाणित भएपछि मात्र भुक्तानीको लागि पेश गरिनेछ ।

ड) कृत्रिम गर्भाधान गर्दा कहिलेकाहीँ एउटै गाई/भैंसी/बाख्रामा प्राविधिक दोहोरिन सक्ने भएकोले बिस्तृत रुपमा कृषकसँग सोधपुछ गरेर मात्रै कृत्रिम गर्भाधान गर्ने, अन्यथा कुनै कृषककोमा प्राविधिकको लापरवाहीमा एउटा गाई/भैंसी/बाख्रामा कृत्रिम गर्भाधान गर्दा दुई प्राविधिक दोहोरीएमा उक्त रकमको भुक्तानी गाउँपालिकाबाट गरिने छैन ।

ढ) गाउँपालिका र कृत्रिम गर्भाधानकर्ता बिच अनुसुची–३ अनुसारको दुई पक्षीय सम्झौता गरिने छ ,

ण) कृत्रिम गर्भाधानकर्ता छनौट कार्यको सुचना गाउँपालिकाले प्रकाशन गर्नेछ र तोकिएको योग्यता पुगेका इच्छुक कृत्रिम गर्भाधानकर्ताले नियमानुसार आफ्नो विवरण खुलाएर अनुसुची–३ अनुसार लिखित निवेदन दिनुपर्नेछ, छनौट भए पछि मात्रै कृत्रिम गर्भाधानकर्ताको सम्झौता गरिनेछ ,

## परिच्छेद – ३

**४. कार्यक्रमको खर्च :**

क) जलजला गाउँपालिका भित्रका गाई/भैंसी/बाख्राहरूमा कृत्रिम गर्भाधानअनुदान कार्यको लागि आवश्यक बजेट व्यवस्था जलजला गाउँपालिकाले गर्नेछ।

**५. अनुगमन,मुल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था :**

यस कार्यक्रमको अनुगमन गाउँपालिका उपाध्यक्ष नेतृत्वको अनुगमन समिति वा गाउँपालिकाका पदाधिकारीहरूबाट जुनसुकै बेलामा पनि हुन सक्नेछ ।मासिक प्रगति प्रतिवेदन पशु सेवा शाखाले तयार गरी गाउँपालिका, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र तथा राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरामा पठाउनेछ ।

**6. बाधा अड्काउ फुकाउ तथा संशोधन सम्बन्धि व्यवस्था :**

(क) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अथवा यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट,हेरफेर तथा खारेज गर्न सक्नेछ।

**७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका व्याख्या यसै कार्यविधि बमोजिम हुनेछन् साथै अन्य विषय प्रचलित कानून बमोजिम हुनेछन् ।

(अनुसूची १)

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
जलजला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लामखेत, पर्वत ।

**बिषय : कृत्रिम गर्भाधान अनुदान कार्यक्रममा गर्भाधानकर्ता सूचीकृत हुन पाउँ ।**

महोदय,

जलजला गाउँपालिकाबाट सञ्चालन हुने कृत्रिम गर्भाधान अनुदान कार्यक्रममा कृत्रिम गर्भाधानकर्ताको रुपमा सूचिकृत हुनको लागि निम्नानुसारको कागजात राखी निवेदन पेश गरेको छु । अतः नियम अनुसार उक्त कार्यका लागि नियमानुसार सुचीकृत गरिदिनुहुन अनुरोध गर्दछु ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ,
२. शैक्षिक योग्यताको प्रतिलिपी ,
३. कृत्रिम गर्भाधानको तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी
४. राष्ट्रिय पशु प्रजनन कार्यालय बाट प्राप्त गरेको कृत्रिम गर्भाधान अनुमतिपत्रको प्रतिलिपि

निवेदकको
नाम :
दस्तखत :
ठेगाना :
मोवाईल नं

(अनुसूची २)

## जलजला गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय लामखेत, पर्वत।

**कृ.ग.गर्ने प्राबिधिकको नाम :**

**कृत्रिम गर्भाधान गरेका पशुको अभिलेख**

| क्र. सं | मिति | कृषकको नाम थर | ठेगाना | मोबाइल नं | कृ.ग गरेको पशु | | | पशुको जात | संकेत नं चिन्ह | पशुको रङ | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गाई | भैंसी | बाख्रा | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

पेस गर्ने रुजु गर्ने प्रमाणित गर्ने

अनुसूची ३

## कृत्रिम गर्भाधान कर्ता सुचिकृत हुने आह्वान सम्बन्धी सूचना

मिति :

जलजला गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार पशु उत्पादन तथा पशु नश्ल सुधार कृत्रिम गर्भाधान कार्यक्रममा सहभागी भई सुचिकृत हुन जलजला गाउँपालिका भित्रका तल उल्लेखित योग्यता पुगेका पशु प्राविधिकहरूलाई दरखास्त आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ ।कम्तिमा भेटेरीनरी जेटी/ जे.टी.ए वा पशु बिज्ञानमा ३ वर्षे आई.ए.सी.एजी कोर्ष वा सो सरह उत्तीर्ण गरी कृत्रिम गर्भाधान सम्बन्धी दुई हप्ते कृत्रिम गर्भाधान तालिम लिएकाहरू मात्र छनौट प्रकृयामा समावेश हुने छन्।

.....................

प्रमुख प्रशासकीय अधिकृत

तपशिल :

१. अनुसुची ३ बमोजिमको निवेदन ,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ,

३. तालिम,शैक्षिक योग्यताको प्रतिलिपी ,

( यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा जलजला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, लामखेत,पर्वत मा दर्ता गरिसक्नु पर्नेछ)

(अनुसूची – ४)

## सम्झौता पत्र

जलजला गाउँपालिकाबाट सञ्चालन गरिने कृत्रिम गर्भाधान सेवा जलजला गाउँपालिका, लामखेत,पर्वत (यसपछि पहिलो पक्ष भनिने) छनौट भएका कृत्रिम गर्भाधानकर्ता श्री ... ............................ (यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरू गराई कार्यक्रम सम्पन्न गर्ने सम्झौता/सहमती भएको छ।

तपशील

१. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफुले आवेदन गरे अनुसारको कृत्रिम गर्भाधान कार्य सन्चालन गर्ने छ।

२. पहिलो पक्षले नियमित रुपमा दोश्रो पक्षले कृत्रिम गर्भाधान अनुदान कार्य सञ्चालन गरे नगरेको अनुगमन गर्ने छ।

३. दोश्रो पक्षले यस कार्यालयमा कृत्रिम गर्भाधान अनुदान कार्य गरेको प्रगति प्रतिवेदन मासिक रुपमा बुझाउनु पर्नेछ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन् तर सो को जानकारी पहिलो पक्षलाई तुरुन्त गराउनु पर्ने छ।

५. पहिलो पक्षले दोश्रो पक्षलाई कृत्रिम गर्भाधान अनुदान कार्यक्रम अनुसार कृ.ग गरेवापत सम्झौता अनुसार मासिक रुपमा कार्यविधि अनुसार नगद/चेक उपलव्ध गराउने छ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम/ कानून बमोजिम हुने छ।

पहिलो पक्ष : दोश्रो पक्ष :

जलजला गाउँपालिका,

गाउँकार्यपालिका कार्यालयको तर्फबाट कृत्रिम गर्भाधानकर्ताको तर्फबाट

नाम : नामः

पद : पदः दस्तखत : दस्तखत

मितिः मिति :

कार्यालयको छाप :

रोहवर सम्बन्धित शाखाको तर्फबाट :

नाम :

पद :

दस्तखत :

## अनुसूची ५

## भौगोलिक क्षेत्र विभाजन

| क्र.सं. | स्थान | | कृत्रिम गर्भाधान अनुदान |
|---|---|---|---|
| | देखी | सम्म | |
| | मिलनचोक | मिलनचोक | ५०० |
| | मिलनचोक | लस्ती/फर्से/वारीवेनी | ८०० |
| | मिलनचोक | खोलाखेत/सल्यान | ८०० |
| | मिलनचोक | खनियाँघाट | १००० |
| | मिलनचोक | शालिजा/लेखफाँट | १५०० |
| | मिलनचोक | उपल्लो शालिजा | २००० |
| | मिलनचोक | तारें | २५०० |
| | मिलनचोक | माथिल्लो धाईरिंग/ठोटनेरी / खानि/ताङमाङ/कलैचे | २००० |
| | मिलनचोक | बनवडे | २००० |
| | मिलनचोक | बाँसखर्क | १५०० |
| | मिलनचोक | मल्लाज | १००० |
| | मिलनचोक | फड्केढुङ्गा | १००० |
| | मिलनचोक | पुर्णगाउँ | १८०० |
| | मल्लाज | बाँसखर्क | १००० |
| | मल्लाज | मल्लाज | ८०० |
| | मल्लाज | सल्यान | १००० |
| | मल्लाज | फड्केढुङ्गा | ८०० |
| | मल्लाज | लेखफाँट/पुर्णगाउँ | १००० |
| | मल्लाज | वनवडे | १८०० |

| | | | |
|---|---|---|---|
| | नाग्लीवाङ | नाग्लीवाङ | ८०० |
| | नाग्लीवाङ | लुप्राङ | १००० |
| | नाग्लीवाङ | खनियाँघाट/फर्से | १००० |
| | नाग्लीवाङ | वनौ | १५०० |